## भगवानपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः १ मितिः २०८०/०३/१०

भगवानपुर गाउँपालिकाको गाउँसभाबाट जारी "भगवानपुर गाउँपालिकाको शिक्षा ऐन, २०८०"

# भगवानपुर गाउँपालिकाको शिक्षा ऐन, २०८०

प्रमाणीकरण मितिः २०८०/०३/१०

प्रस्तावनाः

नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहको शिक्षा सम्बन्धी अधिकार सुनिश्चित गर्न यस गाउँपालिका तथा गाउँपालिका भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरुमा हुने शैक्षिक गतिविधिहरुको दिगो विकासका लागि सबै बालबालिका र युवाहरुको उच्च गुणस्तरीय र जीवनउपयोगी सिकाईद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य र सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल आम जनताको सदाचार, शिष्टाचार नैतिकता कायम राख्न यस गाउँपालिकामा स्थापना हुने तथा हाल सञ्चालन भइरहेका विद्यालयहरुको सुधार गर्दै गुणस्तरीय विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा (२२१), (२२६) को उपधारा (१) तथा अनुसूची (८) मा भएका स्थानीय तहको अधिकारको सूची नं. ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम भगवानपुर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम, विस्तार र आरम्भः-**

१. यस ऐनको नाम " भगवानपुर गाउँपालिकाको शिक्षा ऐन, २०८०" रहेको छ ।

२. यो ऐन भगवानपुर गाउँपालिका भर लागु हुनेछ ।

३. यो ऐन गाउँसभाले पारित गरे पश्चात लागु हुनेछ ।

२) **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौं देखि कक्षा बाहसम्म दिइने शिक्षालाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले भगवानपुर गाउँपालिका सम्झनु पर्छ।

(घ) गाउँसभा" भन्नाले भगवानपुर गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(ङ) " विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

च) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुन्न नसक्ने वा बहिरो अपाङ्गता भएका बालवालिकालाई छुट्टै समूहमा राखेर दिइने शिक्षा सम्झनु पर्छ।

(छ) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान र सीप भएको विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौं देखि कक्षा बाहसम्म अध्यापन गराईने शिक्षालाई सम्झनु पर्छ।

(ज) "सामुदायिक विद्यालय " भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिका नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(झ) "संस्थागत विद्यालय " भन्नाले निजीतवरबाट स्थापना भइ नेपाल सरकारबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ञ) "भाषा शिक्षा" भन्नाले नेपालको भौगोलिक एवम् जातीय विविध विषेशता अनुरुप बोलिने बिभिन्न मातृभाषा र विदेशी भाषा माध्यममा अध्ययन अध्यापन गरिने शिक्षालाई सम्झनु पर्दछ ।

(ट) " विद्यालय कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेक अन्य कर्मचारी सम्झनु पर्छ।

(ठ) "बालबालिका" भन्नाले सोह बर्ष उमेर पूरा नगरेका व्यक्तिलाई सम्झनु पर्छ।

(ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमहरुमा तोकिएको व्यहोरा सम्झनु पर्छ।

(ढ) "अनुमति" भन्नाले नेपाल सरकार वा यस गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै निश्चित स्थान वा क्षेत्रमा विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ।

(ण) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले प्रदान गरेको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(त) "आवासीय विद्यालय " भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ ।

(थ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफारहित उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(द) "प्रारम्भिक बाल शिक्षा" भन्नाले (४) चार वर्ष मुनिका बालबालिकाहरुलाई दिइने एक वर्षको प्रारम्भिक बालशिक्षा सम्झनु पर्छ ।

(ध) स्थायी आवासीय अनुमति भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेण्ट भिजा (डि.भि.), पर्मानेन्ट रेजिडेण्ट भिजा (पि.आर.) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोवास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ।

(न) "शिक्षक" भन्नाले विद्यालयमा सिकाई सहजिकरण गर्न नियुक्त अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेत जनाउँछ।

(प) "गाउँ शिक्षा समिति" भन्नाले दफा (१०) अनुसारको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ।

(फ) " विद्यालय व्यवस्थापन समिति" भन्नाले दफा (२१) अनुसारको समितिलाई सम्झनु पर्छ ।

(ब) "शिक्षक अभिभावक संघ" भन्नाले दफा (२६) अनुसारको समिति सम्झनुपर्छ।

(भ) "विशिष्ट शैक्षिक सल्लाहकार" भन्नाले यस गाउँपालिका भित्रका विविध शैक्षिक समस्याहरुको बारेमा जानकारी सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीलाई हुन सक्ने हुँदा शैक्षिक समस्याहरुको समाधान गर्न आवश्यक समन्वय गर्न शिक्षा क्षेत्रका शिक्षकहरु मध्येबाट गाउँपालिकाले एक विशिष्ट शैक्षिक सल्लाहकार नियुक्ति गर्न सक्नेछ ।

(म) "अभिभावक" भन्नाले सम्बन्धित विद्यालयमा अध्ययनरत बालबालिकाका बुबा आमा, हजुरबुबा हजुरआमा भन्ने बुझाउँछ साथै बुबा आमा र हजुरबुबा हजुरआमा नभएका अनाथ बेसहारा बालबालिकालाई जसले संरक्षण पालनपोषण रेखदेख गर्छ संरक्षक अभिभावक भन्ने बुझिन्छ ।

**३) विद्यालय खोल्न अनुमति लिनु पर्ने:-**

१. कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकामा तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गरी जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले अनुमति दिनेछ।

३. उपदफा (२) बमोजिम अनुमति लिइ खोलिएको विद्यालयले तोकिएको सर्त बन्देज पालना गरेको देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले स्वीकृति प्रदान गर्ने छ।

४. यो ऐन प्रारम्भ हुँदाको बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

५. उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा सामितिले अनुमति तथा स्वीकृति दिनेछ ।

६. उपदफा (२), (३) र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिन पाउने छैन।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

७. यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्छ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालन (ट्रष्ट) संगठित संस्थाको रुपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टमा सार्वजनिक गुठी भए कम्तिमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनु पर्नेछ।

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिएबमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउन पर्नेछ।

(घ) शैक्षिक गुठीमा तत्काल कायम रहेका दृष्टिले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति अनिवार्य लिनु पर्नेछ।

८. कुनै व्यक्ति, संस्था वा समुदायले नेपालको भौगोलिक एवम् जातीय विविध विषेशता अनुरुप बोलिने बिभिन्न मातृभाषा र विदेशी भाषामा अध्ययन अध्यापन गर्ने गराउने उद्देश्य कुनै पनि भाषा कक्षा सञ्चालन गर्न सक्नेछ तर यस्तो भाषा कक्षा सञ्चालनका लागि तोकिएको अधिकारी वा निकायको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी स्वीकृति प्रदान गर्दा एकै कार्यक्षेत्रमा पर्ने गरी एक भन्दा बढी स्वीकृति प्रदान गर्न पाइने छैन तर विविध कारणवश स्वीकृति प्रदान गर्नु परेमा स्पष्ट कारण खुलाई प्रथम पटक स्वीकृति प्राप्त संस्था, व्यक्ति वा समुदायको सहमति लिनु पर्नेछ ।

९. सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा रहित उद्देश्य राखि विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

१०. उपदफा (९) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने शर्त र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. माथि उल्लिखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन बाधा पर्ने छैन। यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै समयमा बन्द गर्न सक्नेछ ।

१२. विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ।

४) <u>**परीक्षाको सञ्चालनः**</u>

१. विद्यालयमा विभिन्न तहको शिक्षा उत्तीर्ण तथा योग्यताका लागि परीक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२. आधारभुत शिक्षाको कक्षा ८ को अन्तिम परीक्षा गाउँपालिका स्तरीय हुनेछ ।

३. उपदफा २ बमोजिमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्न देहाय बमोजिको एक परीक्षा समिति गठन गरिनेछ ।

(क) शिक्षा शाखा प्रमुख - संयोजक

(ख) आधारभूत तथा माध्यमिक तहको प्रधानाध्यापक वा शिक्षकहरु मध्येवाट गाउँ शिक्षा समितिका अध्यक्षले तोकेका ३ जना - सदस्य

(ग) संयोजकले तोकेको व्यक्ति १ जना - सदस्य सचिव

४. आधारभूत तह कक्षा १ -७ सम्म तथा माध्यमिक तह कक्षा ९ र ११ को अन्त्यमा हुने परीक्षाको संचालनको दायित्व सम्बन्धित विद्यालयको हुनेछ ।

५. कक्षा १० र १२ को परीक्षा बोर्डले तोके बमोजिम हुनेछ ।

**५) <u>माध्यमिक शिक्षाको प्रकार</u>:-** माध्यमिक शिक्षाको प्रकार देहाय बमोजिम हुनेछ ।

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

**६) <u>विषेश शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था</u>:-** गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा र दूर शिक्षा सञ्चालनको व्यवस्था तोकिए बमोजिम गर्न सक्नेछ । अनौपचारिक शिक्षालाई गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरु "सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८" बमोजिम मापदण्ड बनाएर अगाडि बढाइने छ ।

७) **शिक्षाको माध्यमः-**

(१) विद्यालय शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालय शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्ने छ।

(ग) भाषा विषयको अध्ययन गराउनदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

८) **विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिएको अधारमा वर्गीकरण गरिनेछ ।

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

९) **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः-** विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी सिकाइको उपलब्धी हाँसिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले तोकिएको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ। सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गर्न सक्नेछ ।

१०) **गाउँ शिक्षा समितिः-**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको एक गाउँ शिक्षा समिति रहनेछ।

(क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(ग) गाउँपालिकाले तोकेको गाउँसभाका महिला सदस्यहरु मध्येबाट १ जना - सदस्य

(घ) सम्बन्धित गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनीत गरेको एक/एकजना गरी २ जना - सदस्य

(ङ) सम्बन्धित गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनीत गरेको १ जना - सदस्य

(च) गाउँ शिक्षक महासंघको अध्यक्ष - सदस्य

(छ) स्थानीय समाजसेवी शिक्षाप्रेमीहरु मध्येबाट गाउँपालिका अध्यक्षद्वारा मनोनीत दलित वा अल्पसङ्ख्यक मध्येबाट १ जना - सदस्य

(ज) गाउँपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत महिला शिक्षक मध्येबाट गाउँपालिका अध्यक्षद्वारा मनोनीत १ जना- सदस्य

(झ) गाउँपालिकाले नियुक्त गरेको विशिष्ट शैक्षिक सल्लाहकार - सदस्य

(ञ) शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) शिक्षा समितिका पदेन सदस्यहरु बाहेक मनोनीत सदस्यहरुको कार्यकाल ३ (तीन) वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनीत सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु अगाडि मनासिब स्पष्टीकरणको मौकाबाट वञ्चित गरिने छैन।

(४) गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो गाउँपालिका क्षेत्रभित्रको शिक्षा सम्बन्धी कार्ययोजना तयार गर्ने ।

(ख) आफ्नो कार्यक्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति विद्यालय सार्ने र गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय सल्लाह प्रदान गर्ने।

(ग) गाउँपालिका क्षेत्रभित्रका विद्यालयलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक श्रोतको खोजी गर्ने

(घ) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्रभित्र तत्काल स्थापना भएका आफ्नो श्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा सुविधा र सर्तहरुको स्वीकृति गर्न सक्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिई जागरुक र सजग गराउने ।

(ज) विद्यालयको लागि आवश्यक स्रोत साधन जुटाउने र त्यसको परिचालन गर्ने।

(झ) विद्यालयमा हुने अभिभावक र शिक्षकबीच कुनै विवाद भएमा सोको समाधान गर्ने।

(ञ) शिक्षाको गुणस्तर कायम राख्न आवश्यक सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने।

(ट) सामुदायिक विद्यालयहरुको शिक्षक, बालविकास सहजकर्ता तथा कर्मचारी व्यवस्थापनका लागि नियुक्ति, सरुवा, पदस्थापन, काज, हरेक शैक्षिक सत्रको अन्त्यमा आन्तरिक दरबन्दी मिलान र जिल्लान्तर सरुवाको सरुवा सहमति दिने कार्य गर्ने गराउने ।

(ठ) विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ड) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरु निर्धारण गर्ने।

(ढ) विद्यालयको समाजिक परीक्षण गराउने ।

(ण) शैक्षिक संस्था वा शिक्षासँग आबद्ध शिक्षक तथा कर्मचारीहरुलाई कामको आधारमा आवश्यक पुरस्कार तथा दण्ड सजाँयको व्यवस्था गरी कार्यान्वयन गर्ने गराउने ।

(त) विषय बिशेषज्ञहरुको छनौट गरेर सोको सूची प्रकाशन गर्ने।

(थ) सामुदायिक विद्यालयको शैक्षिक, भौतिक र वातावरणीय सुधार गर्न सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

(द) गाउँपालिकाको शैक्षिक योजना बनाउने तथा कार्यान्वयन गर्ने ।

(ध) कम्तिमा सामुदायिक माध्यमिक विद्यालयहरुमा स्काउट शिक्षकको व्यवस्था गर्ने ।

(न) कम्तिमा सामुदायिक माध्यमिक विद्यालयहरुमा कम्प्यूटर शिक्षकको व्यवस्था गर्ने ।

(प) अन्य तोकिए बमोजिमका आवश्यक कार्यहरु गर्ने।

(फ) विशिष्ट शैक्षिक सल्लाहकारको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(ब) विद्यालयको अवस्था पहिचान गरी थप कक्षा वा कोचिङको व्यवस्थआ गर्ने।

**११) <u>गाउँ शिक्षा अनुगमत समितिः</u> -**

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिमको शिक्षा अनुगमन समिति गठन हुनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) गाउँ शिक्षा समितिले मनोनीत गरेको सामुदायिक विद्यालयका शिक्षक १ जना -सदस्य

(ङ) गाउँपालिकाले तोकेको लेखापाल सम्बन्धी ज्ञान भएका व्यक्ति मध्ये १ जना - सदस्य

(च) शिक्षक महासंघ गाउँपालिका प्रमुख - सदस्य

(छ) अनुगमन समितिले मनोनयन गरेको बरिष्ठ शिक्षक १ जना - सदस्य

(ज) सबै वडाका वडा अध्यक्ष ५ जना - सदस्य

(झ) विद्यालय निरीक्षक वा शिक्षा शाखा प्रमुख वा शिक्षा अधिकृत - सदस्य-सचिव

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१२) **शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकारः-**

(१) गाउँस्तरीय शिक्षा योजना तर्जुमा गरी प्रमुख प्रशासकिय अधिकृत मार्फत गाउँपालिकामा पेश गर्ने ।

(२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने,गराउने ।

(४) गाउँपालिका, गाउँ शिक्षा समिति, प्रमुख प्रशासकिय अधिकृतवाट शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श लिने ।

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि तोकिएबमोजिम गर्ने,गराउने तथा सम्बन्धीत माथिल्लो निकयमा पठाउने ।

(६) गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने ।

(७) शिक्षा शाखा प्रमुखको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१३) **घुम्ती विद्यालय सञ्चालन गर्न सक्नेः-** गाउँपालिकाको तर्फबाट वातावरणीय तथा प्राकृतिक प्रकोपका कारण सिर्जित समस्याहरुको पहिचान गरी तोकिए बमोजिमको घुम्ती विद्यालयहरु सञ्चालन गर्न सक्नेछ ।

१४) **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः-** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास, निरन्तर शिक्षा तथा जीवनपर्यन्त शिक्षासँग

सम्बन्धित कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको व्यवस्थापन समिति रहनेछ ।

(१) सामुदायिक सिकाइ केन्द्र रहेको वडाको वडा अध्यक्ष - अध्यक्ष

(२) सामुदायिक सिकाइ केन्द्र रहेको वडा समितिको सिफारिसमा दलित वडा सदस्य एक जना - सदस्य

(३) सामुदायिक सिकाइ केन्द्र रहेको वडाको उच्च तहको विद्यालयको वरिष्ठ प्रधानाध्यापक एक जना - सदस्य

(४) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघ सस्थाका प्रतिनिधिहरु मध्येबाट गाउँपालिकाले मनोनीत गरेको एक जना - सदस्य

(५) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(६) सम्बन्धित सामुदायिक सिकाइ केन्द्रको परिचालक - सदस्य सचिव

(७) सम्वन्धित क्षेत्रको विद्यालय निरीक्षक/शिक्षा शाखा प्रमुख शिक्षा अधिकृत अवलोकन कर्ता वा निरीक्षकको रुपमा सिकाइ केन्द्रले आमन्त्रण गर्न सक्नेछ ।

**१५) <u>सामुदायिक सिकाइ केन्द्र अनुगमन तथा मूल्याङ्कन समिति देहाय बमोजिम हुनेछः</u>-**

(१) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(२) गाउँपालिका उपाध्यक्ष - सदस्य

( ३) गाउँ शिक्षा समितिबाट मनोनीत दलित महिला एक जना - सदस्य

(४) अनौपचारिक शिक्षा अभियान सञ्चालनसँग सम्बन्धित सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधीहरु मध्येबाट समितिले मनोनीत गरेको एक जना महिला - सदस्य

(५) गाउँपालिकामा कार्यरत शिक्षा शाखा प्रमुख वा शिक्षा अधिकृत सदस्य - सचिव

**१६) <u>स्थानीय अध्यापन अनुमति पत्र लिनु पर्नेः</u>-** विद्यालयले सामुदायिक श्रोतबाट करारमा नियुक्ति गर्न गाउँपालिकाले व्यवस्था गरे बमोजिम स्थानीय अध्यापन अनुमति पत्र लिएर मात्र उम्मेद्वार हुन योग्य हुनेछन् । तर

नेपाल सरकारबाट अध्यापन अनुमति पत्र प्राप्त उम्मेद्वारहरुलाई यो दफा लागु हुने छैन।

१७) **अनुदानको व्यवस्थाः-**

(१) यो ऐन प्रारम्भ हुदाको बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रका आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकम तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

१८) **छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** गाउँपालिकाले देहाय बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ । तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्थापन गर्न सक्ने छ ।

१९) **प्रारम्भिक बालविकास केन्द्रलाई अनुदान दिन सक्नेः-** गाउँपालिकाले प्रारम्भिक बालविकास विद्यालय भर्ना हुने विद्यार्थीलाई केन्द्रलाई तोकिए बमोजिमको अनुदानको रकम दिन सक्नेछ।

२०) **प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्थाः** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२१) **विद्यालय व्यवस्थापन समितिः-**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

(क) अभिभावकले आफूमध्येबाट छानी पठाएका दुई जना महिला सहित ४ जना - सदस्य

(ख) विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यहरु मध्ये विद्यालय व्यवस्थापन समितिको वडा प्रतिनिधि १ जना - सदस्य

(ग) विद्यालयको संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, चन्दादाता मध्येबाट विद्यालय व्यवस्थापन समितिले सर्वसम्मत मनोनित गरेको एकजना महिलासहित २ जना - सदस्य

(घ) विद्यालयको शिक्षकहरुले आफू मध्येबाट छानी पठाएको १ जना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (१)(ग) बमोजिम विद्यालय व्यवस्थापन समितिले मनोनित गर्न नसकेमा गाउँ शिक्षा समितिले एकजना महिलासहित २ जना - सदस्य मनोनित गर्नेछ।

(३)उपदफा (१) खण्ड (क) र (ग) अनुसार छानिएका वा मनोनयन भएका सदस्यहरु मध्येबाट सर्वसम्मत अध्यक्ष चयन हुन नसकी विवाद भएमा गाउँ शिक्षा समितिले एक जना अध्यक्ष तोक्नेछ ।

(४) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराईने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गाउँपालिका स्तरका उद्योग तथा वाणिज्य महाँसंघका एक जना गाउँ शिक्षा समितिले मनोनयन गरेको प्रतिनिधि सदस्य रहने छन् ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट नभएसम्मका लागि अध्यक्षको अनुपस्थितिमा सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) उपदफा १ (ग) अनुसारका व्यक्ति मनोनीत गर्न विद्यालयबाट गाउँ शिक्षा समितिले अभिलेख मगाउन सक्नेछ र सोका आधारमा मनोनीत गरिनेछ ।

(७) विषेश शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने

विद्यालयको व्यवस्थापन समितिमा उपलब्ध भए कम्तिमा १ जना अपाङ्गता भएका व्यक्ति सदस्य रहने छन् ।

(८) सम्वन्धित विद्यालय निरीक्षक वा शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुखलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भागलिन आमन्त्रण गर्न सकिने छ ।

(९) विद्यालय व्यवस्थापन समितिको कार्यअवधि ३ (तीन) वर्षको हुनेछ । तर हाल म्याद पूरा नभएको व्यवस्थापन समितिले पूरा अवधिसम्म काम गर्न कुनै बाधा पर्ने छैन।

(१०) विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त हुनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको प्रकृया अगाडि बढाउनु पर्नेछ। गठन हुन नसकेमा गाउँ शिक्षा समितिले अस्थायी समिति गठन गर्न वा तोक्न सक्नेछ ।

(११) विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था-

(क) उपदफा १ (क) बमोजिमका सदस्यहरुको चयन अभिभावकहरुको सर्वसहमतबाट वा सर्वसहमत हुन नसके निर्वाचन प्रकृयाबाट गरिने छ ।तर सर्वसहमत वा निर्वाचन प्रक्रिया हुन नसकेमा गाउँ शिक्षा समितिले निर्णय गरे बमोजिम २ जना महिला सहित ४ जना सदस्य छानिनेछ।

(१२) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयको संस्थापक वा चन्दादाताहरु मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिबाट मनोनीत भएका व्यक्ति - अध्यक्ष

(ख) अभिभावक मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एक जना सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनीत गरेको एक जना महिला सहित दुईजना- सदस्य

(घ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफु मध्येबाट छानी पठाएको एक जना शिक्षक प्रतिनिधि - सदस्य

(ङ) सम्वन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट वडा समितिको सिफारिसमा गाउँ शिक्षा समितले मनोनयन गरेको एक जना सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(१३) मनोनीत अध्यक्ष वा सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अगाडि वा समिति विगठन हुनु अगाडि आफ्नो सफा पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

२२) **सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्**:--

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने।

(ख) विद्यालयको चल, अंचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सोको सुरक्षा तथा सुनिश्चतता गर्ने

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क विवरण अद्यावधिक गराई राख्ने ।

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समितिलाई गराउने ।

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ।

(च) विद्यालयको व्यवस्थापकीय पक्षलाई व्यवस्थित गर्ने गराउने ।

(छ) शिक्षक सेवा आयोगबाट सिफारिस भएका, करार शिक्षक/कर्मचारी नियुक्ति भएमा र सरुवा भइ जाने र आउने शिक्षकहरुलाई हाजिरी गराउने तथा रवनाको व्यवस्था गर्ने।

(ज) गाउँ शिक्षा समितिले तोकेको लेखा परीक्षकबाट विद्यालयको बार्षिक लेखापरीक्षण गराउने ।

(झ) लेखा परीक्षकको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने।

(ञ) तोकिए बमोजिमको क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने।

(ट) तोकिए बमोजिम दरबन्दी का शिक्षक तथा कर्मचारीहरुले पदीय आचरण अनुसारको कार्यसम्पादन नगरेमा विभागीय कार्यवाही गर्ने र करारमा नियुक्त भएका शिक्षकहरुको हकमा हरेक शैक्षिक सत्रको अन्त्यमा करार म्याद थप गर्ने र सोको लिखित जानकारी गाउँ शिक्षा समितिमा पठाउने ।

(ठ) शिक्षक तथा कर्मचारीहरुको विवरण विधुतिय सूचना प्रणालीमा अध्यावधिक राख्ने ।

(ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ती वा बढुवा गरेका शिक्षकको लागि सेवा सर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सेवा सुविधाको व्यवस्था गर्ने।

(ण) प्रधानाध्यापक तथा सामुदायिक शिक्षक नियुक्ति गर्ने।

२३) <u>संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-</u>

(क) विद्यालय सञ्चालनको लागि प्राप्त स्रोत र साधनको परिचालन गर्ने ।

(ख) विद्यालय लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने ।

(ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा गर्ने ।

(घ) विद्यालयको नेपाल सरकारबाट तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागु गर्ने।

(ङ) अध्यापन अनुमति पत्र लिइ प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेद्वार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने ।

(च) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने ।

(छ) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने ।

(ज) अनुशासनहीन शिक्षकहरु उपर कानूनी कार्यवाही गर्ने।

(झ) प्रचलित कानुन मा उल्लिखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति नियम तथा निर्देशनहरुको पालना गर्ने गराउने ।

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२४) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी कार्य तोकिए बमोजिम हुनेछ ।**

**२५) विद्यालय व्यवस्थापन समिति विगठन तथा तदर्थ समिति गठन गर्न सकिनेः-**

(१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको भनी शिक्षा अनुगमन समिति वा गाउँ शिक्षा समितिले अनुगमन गरी वि. व्य. स. को कार्य सन्तोषजनक नदेखिएको निष्कर्ष निकाली सिफारिस गरेमा सोको कारण खुलाई गाउँपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई तोकिएको प्रक्रिया पुऱ्याई विगठन गर्न सक्नेछ तर त्यसरी विगठन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विगठन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा विद्यालय

व्यवस्थापन समितिको काम गर्न गाउँपालिकाले तपसिल बमोजिमको तदर्थ (अस्थायी) विद्यालय व्यवस्थापन समिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

(क) अभिभावकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको २ जना महिला सहित ४ जना -सदस्य

(ख) विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यहरु मध्ये विद्यालय व्यवस्थापन समितिको वडा प्रतिनिधि १ जना - सदस्य

(ग) विद्यालयको संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनीत गरेका एकजना महिलासहित २ जना - सदस्य

(घ) विद्यालयको शिक्षकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(३) उपदफा (२) खण्ड (क) र (ग) अनुसार मनोनयन भएका सदस्यहरु मध्येबाट गाउँ शिक्षा समितिले एक जना अध्यक्ष तोक्नेछ ।

(४) यो ऐन तथा ऐन बमोजिमको नियमावली जारी भएपछि म्याद समाप्त भएका विद्यालयहरुको बढीमा एक महिना भित्र यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नु पर्नेछ। उक्त व्यवस्थापन समिति गठनको निम्ति देहाय बमोजिमको विद्यालय व्यवस्थापन समिति गठन सहयोग समिति गठन हुनेछ ।

(क) गाउँपालिकाको स्थानीय शिक्षा शाखा प्रमुख वा शिक्षा अधिकृत वा निजले तोकेको व्यक्ति- संयोजक

(ख) सम्बन्धित विद्यालय रहेको वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति - सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२६) **शिक्षक अभिभावक संघः-**

(१) सामुदायिक विद्यालयमा अभिभावक शिक्षक तथा विद्यार्थीबिच अभिभावक शिक्षक तथा विद्यार्थीबिच सहकार्य गरी प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको १ शिक्षक अभिभावक संघ रहनेछ।

(क) विद्यालयको अभिभावकहरुको भेलाबाट छनौट गरेको व्यक्ति- अध्यक्ष

(ख) अभिभावकहरुले आफूमध्येबाट छानी पठाएका कम्तिमा २ जना महिला सहित ४ जना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धीत वडाका निर्वाचित जनप्रतिनिधिहरु मध्येबाट सो वडा समितिले मनोनित गरेको १ जना- सदस्य

(घ) विद्यालयको संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दशलाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेका एकजना महिलासहित १ जना - सदस्य

(ङ) विद्यालयमा रहेको बाल क्लबको अध्यक्ष वा विद्यालयको माथिल्लो कक्षाको प्रथम मध्येबाट १ जना- सदस्य

(च) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष- सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक- सदस्य

(ज) विद्यालयको शिक्षकले आफु मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि १ जना - सदस्य सचिव

(२) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने।

(ख) विद्यालयको सामाजिक परीक्षण गर्ने।

(ग) अभिभावक सचेतना कार्यक्रम संचालन गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने।

(घ) अभिभावक भर्ना अभियान कार्यक्रम संचालन गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने।

(ङ) तोकिए बमोजिम अन्य कार्य गर्ने।

२७) **गाउँ शिक्षा विकास कोष**ः-

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँपालिका स्तरमा एक गाउँ शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकमहरु रहने छनः-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम।

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम ।

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम ।

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानी मध्ये तोकिए बमोजिमको रकम

(ङ) चन्दाबाट प्राप्त रकम ।

(च) शुल्क तथा अन्य स्रोतबाट प्राप्त रकम ।

(छ) गाउँपालिकाको शैक्षिक योजना अनुसार कुनै पनि सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त भएको साझेदारी रकम ।

२८) **कोष सञ्चालक समिति**ः-

(१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चलक समितिको काम कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२९) **विद्यालय कोषः-**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमको श्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त रकम

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम

(ङ) अन्य कोषबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखा परीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

३०) **गाउँपालिकाबाट निर्देशन दिन सक्नेः-**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित देहायका निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्ने छ ।

(क) विद्यालयमा कुनै पनि कारणले रिक्त रहेको नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक सिफारिस हुन नसक्ने अवस्था भएमा रिक्त भएको मितिले ३० दिन भित्रमा करारमा नियुक्ति गर्न अनुमति माग सहित प्रकृया अगाडि बढाउनु पर्नेछ ।

(ख) करारमा शिक्षक नियुक्तिका लागि गाउँपालिकासँग तोकिएको समयमा माग नगरेमा सो दरबन्दी अन्य विद्यालयमा गाउँ शिक्षा समितिले सार्न सक्ने ।

(ग) कुनै पनि शिक्षक तथा कर्मचारीले आचरण विपरित कार्य गरेको पाइएमा निजसँग स्पष्टीकरण लिन सक्ने ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

३१) **गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने:-**गाउँपालिकाले हाल सञ्चालन भइरहेका ३० मिनेटको हिडाइको दुरीको नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ। यदि कक्षा थप गर्न स्वीकृति दिएमा गाउँ शिक्षा समितिले गठन गरेको अनुगमन समितिले अनुगमन गर्ने र अनुगमन समितिको प्रतिवेदनमा विद्यार्थी सङ्ख्या, भौतिक पूर्वाधार तथा शिक्षकको जनशक्ति सुनिश्चित भएमा मात्र गाउँ शिक्षा समितिले कक्षा थप गर्ने अनुमति प्रदान गर्न सक्नेछ। अन्य विषयहरु कानुन मा तोकिए बमोजिम हुनेछ ।

३२) **विद्यालयको सम्पत्ति:-**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम विद्यालयको नाममा रहेको जग्गा अन्य कुनै व्यक्ति वा संस्थाले भोग चलन गरेको भए कानुन बमोजिम या सम्झौता बमोजिम व्यक्ति वा संस्थाले रजिष्ट्रेशन शुल्क वा तोकिएको रकम विद्यालयलाई भुक्तान गर्नु पर्नेछ । यस ऐन बमोजिम विद्यालयको चल अचल सम्पत्ति कसैले हिनामिना गरेमा वा विद्यालयलाई तोकिएको समयमा रकम भुक्तान नगरे सम्झौता रद्द भएको मानिनेछ र कानुन बमोजिम असुल विद्यालय व्यवस्थापन समितिले गर्न सक्नेछ । कुनै पनि विद्यालयको अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले गाभिएको वा अन्य छिमेकी विद्यालयको काममा प्रयोगमा नआउने भएमा मात्र प्रचलित कानुन बमोजिम बेचविखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नु पर्नेछ ।

(२)शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालयको सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(३) कम्पनी ऐन अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको बिना स्वीकृति बेचविखन गर्न पाइने छैन।

३३) <u>विद्यालयलाई छुट सुविधा</u>ः-

(१) प्रचलित कानुन मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालयको र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

३४) <u>अनुमति वा स्वीकृति रद्ध गर्न सक्नेः</u>-

(१) कुनैं संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो

विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद गर्न सक्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**३५) विद्यालयलाई सुरक्षित वा शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्ने:-**

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित र शान्ति क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

**३६) छात्रामैत्री वातावरण व्यवस्थापनमा सञ्चालनः-**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरुमा छात्रामैत्री वातावरण निर्माणका लागि देहाय बमोजिम माध्यमिक विद्यालय स्तरीय छात्रामैत्री संयोजन समिति रहनेछः-

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) सामुदायिक माध्यमिक विद्यालयमा कार्यरत महिला शिक्षकहरु मध्येबाट विद्यालयले छनौट गरेको लैगिक सम्पर्क विन्दु शिक्षक मध्ये गाउँपालिकाबाट मनोनीत गरेको एकजना - सदस्य

(ग) संस्थागत वा सामुदायिक माध्यमिक विद्यालयमा कार्यरत महिला शिक्षकहरु मध्येबाट विद्यालयले छनोट गरेको सम्पर्क शिक्षक मध्येबाट गाउँपालिकाले मनोनीत गरेको एकजना - सदस्य

(घ) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयको माध्यमिक तहका प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिकाले मनोनीत गरेको एकजना - सदस्य

(ङ) गाउँपालिका स्थित महिलाको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुबाट गाउँपालिकाले मनोनीत गरेको एकजना सदस्य

(च) गाउँपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य संस्थाका महिला प्रतिनिधि गाउँपालिकाबाट मनोनीत एकजना- सदस्य

(छ) गाउँपालिका स्थित शिक्षा शाखाको प्रमुख वा प्रतिनिधि - सदस्य

(ज) गाउँपालिका भित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँपालिकले मनोनीत गरेको एकजना - सदस्य

(झ) गाउँपालिकाको शिक्षा शाखाको अधिकृत वा शिक्षा शाखा प्रमुख वा अधिकृत स्तरको कर्मचारी मध्ये मनोनीत एकजना- सदस्य सचिव

३७) <u>लेखा व्यवस्थापन</u>

(क) सबै विद्यालयहरुले प्रचलित कानुन बमोजिमको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्नेछ।

(ख) विद्यालयको नियमित कारोबारको लेखा राख्न वेग्लै लेखा शाखा खडा गरी कुनै कर्मचारी वा शिक्षकलाई लेखा व्यवस्थापन गर्ने जिम्मेवारी दिनुपर्नेछ।

३८) <u>सामुदियक विद्यालयको खाता संचालन</u>

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ।

(२) माध्यमिक विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट संचालन हुनुपर्ने र आधारभुत विद्यालयमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट संचालन गरिनेछ।

३९) <u>लेखा परीक्षण</u>

(१) विद्यालयहरुले नियमितरुपमा आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

(२) लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समाप्त भएको १५ दिनभित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ।

४०) **<u>विद्यालय सामाजिक परीक्षण समितिः</u>** १.सामुदायिक विद्यालयको काम कार्यवाही शिक्षा ऐन तथा नियमावली बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गर्न प्रत्येक विद्यालयमा देहायबमोजिमको एक सामाजिक लेखा परीक्षण समिति रहनेछ ।

(क) शिक्षक अभिभावक संघको अध्यक्ष संयोजक

(ख) विद्यालयमा अध्ययनरत विद्यार्थी अभिभावकहरु मध्येबाट १ जना महिला अनिवार्य पर्ने गरी शिक्षक अभिभावक संघले तोकेको दुई जना - सदस्य

(ग) सम्बन्धित गाउँ शिक्षा समितिले तोकेको १ जना लेखा विषेशज्ञ सहित २ जना - सदस्य

(घ) सम्बन्धित विद्यालयको बाल क्लबको अध्यक्ष वा माथिल्लो कक्षाको प्रथम विद्यार्थि मध्ये १ जना- सदस्य

(ङ) प्रधानाध्यापकले तोकेको विद्यालयको शिक्षक - सदस्य सचिव

(२) प्रत्येक आर्थिक वर्ष समाप्त भएको पहिलो त्रैमासिकभित्र विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आर्थिक, भौतिक, शैक्षिक गतिविधि सामाजिक परीक्षण भएको १५ दिनभित्र शिक्षा शाखा मार्फत गाउँपालिका पेश गर्नुपर्ने छ।

४१) **<u>शुल्क सम्बन्धी व्यवस्था</u>**-

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बालबालिकाहरुलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयले अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(६) विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यालयले विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृत दिंदा तोकिएको अधिकारीले विद्यालयबाट उपलब्धं गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ।

(९) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपयाँसम्म जरिवाना गर्न सक्नेछ ।

४२) <u>शिक्षक महासँघ, शिक्षक तथा कर्मचारी पदीय आचरण तथा अन्य व्यवस्था</u>:-

(१) सामुदायिक विद्यालयको शिक्षकहरुको पेसागत हकहितको सम्बन्धमा कार्य गर्न तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको विद्यालय व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नेछ।

(क) तोकिएबमोजिमको पदीय दायित्व पूरा नगरेमा ।

(ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा ।

(ग) मादक पदार्थ सेवन गरी विद्यालयमा आएको कुरा प्रमाणित भएमा ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सर्जाय पाएमा ।

(ङ) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीहरुले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेकमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा ।

(च) शिक्षक वा कर्मचारी राजनीतिक कार्यकारिणी सदस्य रहेको पाइएमा वा खुलेआम कुनै राजनीतिक दलको पक्षमा वा विपक्षमा बहस विमर्श वा वकालत गरेको प्रमाणित भएमा ।

(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा अमुक राजनैतिक दलको मात्र हित वा बिरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ तर कार्यरत शिक्षकलाई हटाउनु अघि मनासिव माफीको स्पष्टीकरणको मौका भने प्रदान गरिनेछ ।

**स्पष्टीकरण** - यस खण्डको प्रयोजनको लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनु पर्छ

४३) **स्थायी आवासीय अनुमति लिन नहुने**ः-

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन। स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

४४) **शैक्षिक योग्यताः-**

विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

४५) **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः** गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ। गाउँपालिकाले प्रत्येक शैक्षिक सत्रको अन्त्यमा दरबन्दी मिलान गर्न सक्नेछ भने विद्यालयको मागका आधारमा शिक्षक सेवा आयोगले लिएको परीक्षामा सफल तथा शिक्षा विकास तथा समन्वय इकाइबाट सिफारिस भइ आएका शिक्षकहरुलाई माग गरिएको विद्यालयमा पदस्थापन गर्ने।

४६**) शिक्षकलाई अन्य काममा लगाउन नहुने** -

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जागरण, निर्वाचन सम्बन्धी काम, देवी प्रकोप उद्दार बा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिने छ।

**४७) <u>अदालतको आदेशबाट पुनर्वहाली हन सक्नेः</u>-**

(१) दफा (३७) मा उल्लिखित भएका कुनै वा केही आरोपमा सजाय भइ नोकरीबाट हटाइएको वा बर्खास्त भएका शिक्षक । कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनःबहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनर्बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनर्बहाली भएको मिति सम्मको पूरा तलव भत्ता र तलब वृद्धि समेत पाउनेछ।

**४८) <u>शिक्षकको नियुक्ति र सरुवाः</u>-**

(१) गाउँपालिका भित्रका विद्यालयहरुको रिक्त दरबन्दीमा शिक्षक तथा कर्मचारीको करारमा पदपूर्ती गाउँपालिकाले गर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायका सदस्यहरु रहेको एक शिक्षक तथा कर्मचारी छनौट समितिको गठन गरिनेछ ।

(क) सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाले तोकेको शिक्षा हेर्ने अधिकृत वा शिक्षा शाखा प्रमुख मध्ये एक जना - सदस्य

(ग) गाउँपालिकाले तोकेको सम्बन्धित तहको विशेषज्ञ दुई जना - सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक सदस्य सचिव

स्पष्टीकरण- शिक्षा शाखा प्रमुख भन्नाले गाउँपालिकाले अधिकृत नभएको खण्डमा शिक्षा शाखाको काम गर्न तोकिएको माध्यमिक तहमा कार्यरत शिक्षक वा निजामति कर्मचारी भएमा छैठौं। पाँचौं तहको कर्मचारी भन्ने बुझिन्छ ।

(३) तर उपदफा (२) को (ग) को सन्दर्भमा त्यस्तो विषय विशेषज्ञ गाउँपालिकाले नतोकेसम्म शिक्षा विकास तथा समन्वय इकाइले तोकेको व्यक्तिलाई नियुक्त गर्न वा जिम्मेवारी दिन बाधा पुगेको

मानिने छैन ।गाउँपालिकाले आधारभूत तथा माध्यमिक तहमा विषयविज्ञ आवश्यक भएमा सम्बन्धित तहमा कम्तिमा अस्थायी र स्थायी गरी तीन वर्ष शिक्षण अनुभव भएको सोही तहमा कार्यरत शिक्षकलाई विषयविज्ञको रुपमा छनोट गरी नियुक्ति गर्ने तथा मातृभाषाका भाषा शिक्षक नियुक्त गर्नु परेमा भाषा विषयगत विशेषज्ञ छनोट गरी नियुक्त गर्न सक्नेछ ।

(४) कम्तीमा दुई शैक्षिक सत्र पुरा गरेको, गाउँपालिका भित्रका विद्यालयमा कार्यरत सबै प्रकृतिका शिक्षकहरुको सरुवा गाउँ शिक्षा समितिले गर्नेछ।

(५) सरुवा सम्बन्धी अन्य व्यवस्था संघ तथा प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

४९) **शिक्षकको दरबन्दी मिलानः-**

(१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा गाउँपालिकाले तोकिएको प्रकृया पूरा गरी सार्न सक्नेछ ।

(२) तोकिएको आधारमा बालविकास सहजकर्ताहरु सामुदायिक विद्यालयमा रहनेछन् । तर विद्यालयहरु समायोजन भएको अवस्थामा कुनै पनि विद्यालयमा दुई वा दुई भन्दा बढी बालविकास सहजकर्ताहरु भएमा र बालबालिकाहरुको सङ्ख्याका आधारमा तथा अन्य विद्यालयको आवश्यकताका आधारमा गाउँ शिक्षा समितिले सरुवा समेत गर्न सक्नेछ ।

५०) **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः -**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तिमा १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा बिपन्न, अपाङ्गता भएकाहरु, महिला दलित वा जनजाती र अल्पसंख्यक विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनोट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक गाउँपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनोट समिति रहनेछ ।

(३) समितिले छनोटको लागि आधार सर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ।

(४) समितिले छात्रवृत्तिको लागि छनोटको नतिजा आधारसहित सार्वजनिक गर्नु पर्नेछ ।

**५१) तलब भत्ता नपाउने तथा सेवा अवधि गणना नहुने अवस्थाः** दफा (४८) मा उल्लिखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन । तर विरामी भइ विद्यालय व्यवस्थापन समिति समक्ष विरामी भएको लिखित जानकारी गराई उपचार तथा शल्यक्रिया गर्नु पर्ने भएमा कानुन बमोजिम सेवा गणना हुनेछ ।

**५२) प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था-**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको सङ्ख्यामा कर्मचारीको दरबन्दी रहनेछ। प्रधानाध्यापक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) प्रत्येक विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(ख) आधारभूत तह कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तह कक्षा आठसम्मको विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा

स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, विद्यालयमा कम्तीमा ५ वर्ष शिक्षण अनुभव भएको, संघीय शिक्षा ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेका कम्तिमा तीन जना व्यक्ति मध्येबाट गाउँपालिकाको निर्णय बमोजिम एकजनालाई विद्यालय विकास प्रस्तावनाको आधारमा पाँच वर्षका लागि सामुदायिक विद्यालयको प्रधानाध्यापक पदमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नेछ।

(ग) उपदफा (१) को (ख) मा जुनसुकै कुरा उल्लेख भएता पनि विद्यालयमा विद्यालय व्यवस्थापन समिति नभएको खण्डमा गाउँ शिक्षा समितिले विज्ञापन गरी छनौट गर्नेछ।

उपदफा (१) (ग) बमोजिम गरिने विज्ञापनमा पेश भएका दरखास्तहरुको मूल्याङ्कन तपसिल बमोजिमको समितिले गर्नेछ।

मूल्याङ्कन समितिः

१. गाउँपालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति- संयोजक

२. कम्तिमा ५ वर्ष अनुभव भएको मा. वि. तहको प्रधानाध्यापक वा प्राध्यापक वा मा. वि. तहको प्रधानाध्यापक पदबाट सेवा निवृत्त भएको व्यक्ति मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको २ जना - सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

४. शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख- सदस्य-सचिव

उपदफा (१) को (ख) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले पाँच वर्षको विद्यालय विकास प्रस्तावना पेश गर्नु पर्नेछ ।

(घ) कार्य सम्पादन मूल्याङ्कनका आधारमा प्रधानाध्यापकको कार्यकाल थप गर्न सकिनेछ ।

(ङ) सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये माथिल्लो श्रेणीका वरिष्ठ शिक्षकले निमित्त भइ काम गर्नेछ। तर कुनै आधारभूत विद्यालयमा शिक्षकको दरबन्दी एक मात्र भएको र सो दरबन्दी पनि रिक्त रहेको अवस्थामा छिमेकी विद्यालयको प्रधानाध्यापकलाई प्रशासनिक कार्य तथा नयाँ शिक्षकको करारमा पदपूर्ती गर्नका लागि जिम्मेवारी तोकिनेछ ।

(च) माथि जुनसुकै कुरा लेखिएको भएता पनि प्रधानाध्यापकको कार्य सम्पादनका आधारमा गाउँ शिक्षा समितिले जुनसुकै बेला पनि हटाउन सक्नेछ। तर हटाउनु पूर्व निजलाई सफाइको मौका भने दिइनेछ।

५३) शिक्षक तथा कर्मचारीले पाउने बिदा तथा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

५४) विद्यालयको अवस्था पहिचान गरी विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न थप कक्षा वा कोचिङ्गको व्यवस्था तोकिए बमोजिम हुनेछ।

५५) अस्थायी करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी प्रकृया तोकिए बमोजिम हुनेछ ।

५६) आधारभूत तह (कक्षा-८) अन्तिम परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५७) विद्यार्थीलाई निष्काशन गर्न शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने

(१) कुनै पनि विद्यार्थीलाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन। तर विद्यालयको वातावरण वा अध्ययन वा अनुशासनहिन उच्छृङ्खल व्यवहार देखाएमा विद्यालय व्यवस्थापन समितिले स्वविवेक प्रयोग गर्न पाउने छ।

(२) विद्यालयमा अध्ययनरत कुनै पनि विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

**५८) शैक्षिक परामर्श सेवा विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालनः -**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिइ शैक्षिक परामर्श सेवा ब्रिज कोर्ष भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम शैक्षिक परामर्श सेवा ब्रिज कोर्ष भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धित व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**५९) गाउँपालिका क्षेत्रभित्रका प्रत्येक विद्यालयले बालमैत्री आचार संहिताको पालना गर्नुपर्नेः-**

गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक सत्र शुरु भएको १५ दिन भित्र बालमैत्री आचारसंहिता निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई गाउँ शिक्षा समितिमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ। सो आचारसंहितामा आवश्यकता अनुसार गाउँ शिक्षा समितिले थपघट गरी निर्णय गराई सम्बन्धित विद्यालयमा पालना गर्न निर्देशन जारी गर्नेछ।

६०) **प्रगति विवरण बुझाउनु पर्नेः** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको विवरणसहित प्रगति प्रतिवेदन गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ।

**६१) दण्ड सजायः-**

(१) कसैले विद्यालयको चल अचल सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले हिनामिना गरेको असुल उपर गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके बमोजिम सर्जाय हुनेछ ।

(क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा ।

(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापर्बाही वा गैरजिम्मेवारपूर्वक कार्य गरेमा ।

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको बिना स्वीकृति प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिइ अमर्यादित काम गरेमा ।

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा ।

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा ।

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(छ) विद्यार्थी भर्ना गर्दा दान उपदान वा अन्य कुनै रकम लिएमा।

(ज) अनुमति नलिइ कुनै शैक्षिक कार्यक्रम शैक्षिक परामर्श सेवा ब्रिज कोर्ष भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा।

(झ) अन्य कुनै कानुन विपरितको कार्य गरे गराएमा ।

(३) देहायका अवस्थामा निजी स्रोतका शिक्षक बाहेक अन्य दरबन्दीका शिक्षकलाई पठनपाठनमा बाधा नपर्ने गरी गाउँपालिकाको अध्यक्षको निर्देशनमा गाउँ शिक्षा अधिकारीले गाउँपालिकाको क्षेत्रभरी सरुवा गर्न सक्ने छ ।

(क) विद्यार्थीहरुबाट कुनै शिक्षक उपर व्यापक गुनासो आएमा ।

(ख) स्थानीय शिक्षक भएकै कारण कार्यसम्पादनमा कमी कमजोरी भएको ठहर विद्यालय व्यवस्थापन समितिले गरेमा ।

(ग) शिक्षकको बानी व्यवहार आचरण तथा नैतिक पतन देखिने क्रियाकलाप सम्बन्धी विवाद सृजना भएमा ।

(घ) शिक्षकले विद्यालय समयमा मद्यपान गरी आएमा वा विद्यालय परिसरमा धुम्रपान गरेमा ।

(४) कुनै शिक्षक बिना सूचना विद्यालयमा अनुपस्थित भएमा वा विदा स्वीकृत नगराई विदा बसेमा उक्त अवधिको तलब कट्टा गरी राजश्वमा दाखिला गरिनेछ। सो अवधिलाई सेवा अवधिमा गणना गरिने छैन।

**६२) <u>पुनरावेदनः</u>-** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**६३) <u>नियम बनाउने अधिकार</u>ः-**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यन्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**६४) <u>सङ्क्रमणकालीन व्यवस्था</u>ः-**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापन गर्ने अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

**६५) <u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश ऐनमा उल्लेख भए सरह मानिनेछ ।

**६६) <u>बचाऊ र लागू नहुने</u>:-**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्नेछैन।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

(४) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले दिंइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड सजाय र कार्यवाही गर्न बाधा पर्ने छैन।

(५) नेपालको संविधानको धारा २२६ को उपधारा (२) बमोजिम संघीय वा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म सोही कानुन बमोजिम हुनेछ।

(६) यस ऐनमा आवश्यक संशोधन वा ऐन खारेजी गर्नु परेमा भगवानपुर गाउँपालिका गाउँ सभाले गर्न सक्नेछ ।

आज्ञाले<br>
चन्द्र नारायण चौधरी<br>
प्रमुख प्रशासकीय अधिकृत